# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार ३१ गते २०३३ साल

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा)
नियमहरू, २०३३

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल इञ्जिनीयरिङ्ग सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "सेवा" भन्नाले नेपाल इञ्जिनीयरिङ्ग सेवा सम्झनुपर्छ ।

(ख) "श्रेणी" भन्नाले सेवाको श्रेणी सम्झनुपर्छ ।

(ग) "समूह" भन्नाले सेवाभित्र रहेका पदहरूको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले विभाजन गरेको समान प्रकृतिको पदहरूको समूह सम्झनुपर्छ ।

(घ) "उप–समूह" भन्नाले समूह अन्तर्गत कायम गरिएको उप–समूह सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सेवामा रहने श्रेणी, समूह र उप–समूह: (१) सेवामा निम्नलिखित श्रेणीहरू रहनेछन्:–

(क) विशिष्ट श्रेणी

(ख) प्रथम श्रेणी

(ग) द्वितीय श्रेणी

(घ) तृतीय श्रेणी

(२) सेवामा रहने समूहहरू र उप–समूहहरू अनुसूची १ मा तोकिएबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ मा आवश्यक संशोधन गर्न सक्नेछ ।

(४) सेवाको विभिन्न समूह वा उप–समूहमा रहने श्रेणी तथा पद श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(५) श्री ५ को सरकारले सेवाको विभिन्न पदमा हाल बहाल रहेका कर्मचारीहरूलाई निजहरू बहाल रहने समूह वा उप–समूहमा पदसहित निर्धारण गरी त्यसको सूचना सम्बन्धित कर्मचारीहरूको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(६) उप–नियम (५) बमोजिम सेवामा बहाल रहेका कर्मचारीहरूको समूह वा उप–समूह निर्धारण भएपछि कर्मचारीले सेवाको एक समूह वा उप–समूहबाट अर्को समूह वा उप–समूहमा परिवर्तन गर्न पाउने छैन ।

(७) उप–नियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाका कुनै कर्मचारीले आफ्नो शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा सेवाको एक समूह वा उप-समूहबाट अर्को समूह वा उप–समूहमा परिवर्तन गर्न चाहेमा निवेदन दिन सक्नेछ र यस्तो निवेदन परी श्री ५ को सरकारले मनासिब देखेमा त्यस्तो कर्मचारीको समूह वा उप–समूह परिवर्तन गर्न सक्नेछ ।

तर त्यसरी समूह वा उप–समूह परिवर्तन गरिएको कर्मचारीले परिवर्तन भएका समूह वा उप–समूहभित्र हुनेबढुवाको लागि समूह वा उप–समूह परिवर्तन भएको मितिले एक वर्षसम्म संभाव्य उम्मेदवार बन्न पाउने छैन ।

४. रिक्त पदको पूर्ति र बढुवा: (१) सेवा अन्तर्गतको समूह वा उप–समूहमा रिक्त भएको पदको पूर्ति देहायबमोजिम गरिनेछ:–

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

(ख) प्रथम श्रेणीको पद रिक्त भएमा द्वितीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

४८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) द्वितीय श्रेणीको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।

(घ) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनंकित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटूट सेवा गरेका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।

(२) उप–नियम (१) को खण्ड (क),(ख) र (ग) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी, प्रथम श्रेणी वा द्वितीय श्रेणीको रिक्त पद पूर्ति गर्दा त्यस्तो पद जुन समूह वा उप–समूहभित्रको हो सोही समूह वा उप–समूहको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गरिनेछ।

तर सिभिल इन्जिनीयरिङ्ग समूह अन्तर्गत कायम गरिएका जनरल (सामान्य) उप–समूहका कर्मचारीहरूले सिभिल इन्जिनीयरिङ्ग समूह अन्तर्गतका सबै उप–समहका रिक्त पदको लागि हुने बढुवाको लागि संभाव्य उम्मेदवार हुन पाउने छन्।

(३) उप–नियम (१) को खण्ड (घ) बमोजिम बढुवाद्वारा तृतीय श्रेणीको पद पूर्ति गर्दा जम्मा रिक्त पदहरूको पच्चीस प्रतिशतसम्म पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा रिक्त पदको समूह वा उप–समूहसंग घनिष्ठ रूपले सम्बन्धित र श्री ५ को सरकारले समय समयमा निर्धारित शैक्षिक योग्यता पुगेका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गरिनेछ।

स्पष्टीकरण: यस उप-नियमको प्रयोजनको लागि "घनिष्ठ रूपले सम्बन्धित" भन्नाले समूह वा उप-समूहभित्र रिक्त रहेका राजपत्राङ्कित तृतीय श्रेणीका पदहरूमा रही गर्नु पर्ने कामसित घनिष्ठ रूपले सम्बन्धित भएको हुनुपर्छ। उदाहरणार्थ: इरीगेशन उप-समूहमा पदोन्नतिको लागि संभाव्य उम्मेदवार हुनलाई इरीगेशन तर्फनै सम्बन्धित काम गरिरहेको हुनुपर्छ।

(४) तृतीय श्रेणीको रिक्त पदमा बढुवा हुन कुनै कर्मचारी रिक्त पदको समूह वा उप–समूहसंग घनिष्ठ रूपले सम्बन्धित छ छैन भन्ने प्रश्न उठेमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ।

५. नयाँ नियुक्ति: (१) स्वीकृत शिक्षण संस्थाबाट सम्बन्धित समूह वा उप–समूहमा नियुक्तिको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको र निजामती सेवा नियमावली, २०२१ बमोजिम कुनै अयोग्यता नभएको व्यक्ति सेवाको सम्बन्धित समूह वा उप–समूहको तृतीय श्रेणीमा नयाँ नियुक्तिको लागि योग्य मानिनेछ।

(२) सेवाको तृतीय श्रेणीमा नयाँ नियुक्ति भएका प्रत्येक कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिने छ र सो अवधिमा निजले श्री ५ को सरकारबाट निर्धारित गरिएको कुनै प्रशिक्षण पूरा गर्नु पर्ने वा परीक्षा दिन पर्ने भएमा त्यस्तो प्रशिक्षण पूरा गरेको र परीक्षामा उत्तीर्ण भएको हुनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले आवश्यक सम्झेमा कुनै कर्मचारीको परीक्षणकालको अवधि अर्को एक वर्षसम्म बढाउन सक्नेछ ।

(३) उप–नियम (२) बमोजिम परीक्षणकालमा राखिएका कुनै कर्मचारीको काम सन्तोषजनक छ र निजले उप–नियम (२) मा लेखिएका शर्तहरू पनि पूरा गरेको छ भने श्री ५ को सरकारले निजको नियुक्ति सदर गर्नेछ । नियुक्ति सदर नभएका कर्मचारीलाई सेवाबाट हटाइनेछ ।

(४) यी नियमहरूबमोजिम परीक्षणकालमा राखिएको कर्मचारीको नियुक्ति सदर भएमा सो परीक्षणकालमा रहेको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

(५) उप–नियम (१) बमोजिम सेवा अन्तर्गतका समूह वा उप–समूहहरूमा नियुक्ति हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची २ मा तोकिएबमोजिम हुनेछ ।

(६) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची २ मा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. सरूवा: कर्मचारीको शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा बाहेक कुनै एक समूह वा उप–समूहको कर्मचारीलाई अर्को समूह वा उप–समूहमा सरूवा गर्न सकिने छैन ।

७. खारेजी र बचाउ: (१) नेपाल इञ्जिनीयरिङ्ग सेवा (श्रेणी विभाजन, भर्ना तथा प्रमोशन) नियमहरू, २०२३ खारेज गरिएको छ ।

(२) यी नियमहरूमा लेखिए जतिमा यी नियमहरूबमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

(नियम ३ को उप–नियम (२) संग सम्बन्धित)

### सेवा अन्तर्गतका समूह वा उप-समूहहरू

१. सिभिल इञ्जिनीयरिङ्ग

यस समूह अन्तर्गत निम्न उप–समूहहरू रहनेछन् :–

(क) जनरल
(ख) ट्रान्सपोर्टेशन
(ग) बिल्डिङ्ग एण्ड आर्किटेक्ट
(घ) स्यानिटरी
(ङ) इरिगेशन
(च) हाइड्रो–पावर
(छ) हाइड्रोलजिष्ट

२. इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग
३. इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इञ्जिनीयरिङ्ग
४. मेकानिकल इञ्जिनीयरिङ्ग
५. एरोनटिकल इञ्जिनीयरिङ्ग
६. माइनिङ्ग इञ्जिनीयरिङ्ग
७. केमिकल इञ्जिनीयरिङ्ग
८. मेटालर्जिकल इञ्जिनीयरिङ्ग
९. मेट्रोलजी
१०. मेटेरियोलजी
११. जियोलजी
१२. सिभिल एभिएशन अपरेशन म्यानेजमेण्ट
१३. सर्भे
१४. केमिष्ट्री

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४५३

अनुसूची–२

(नियम ५ को उप-नियम (५) संग सम्बन्धित)

समूह तथा उप-समूहको निमित्त आवश्यक न्यूनतम शैक्षिक योग्यता

| क्र. सं. | समूह | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|
| १. | सिभिल इञ्जिनीयरिङ्ग | | |
| | (क) जनरल (सामान्य) | बी.ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा सो सरह | |
| | (ख) ट्रान्सपोर्टेशन | बी. ई. सिभिल इञ्जिनीयरिङ्ग वा हाइवे इञ्जिनीयरिङ्ग वा हाइवे प्लानिङ्ग वा एयरपोर्ट इञ्जिनीयरिङ्ग वा ब्रिजष्ट्रक्चर वा स्वायल मेकानिक्समा डिग्री प्राप्त गरेको । वा सो सरह | |
| | (ग) बिल्डिङ्ग एण्ड आर्किटेक्ट | आर्किटेक्चरल इञ्जिनीयरिङ्गमा डिग्री वा बी. ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा बिल्डिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी इञ्जिनीयरिङ्ग वा टाउन प्लानिङ्गमा इञ्जिनीयरिङ्ग डिग्री प्राप्त गरेको । वा सो सरह | |
| | (घ) स्यानिटरी | बी. ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा स्यानिटरी इञ्जिनीयरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनीयरिङ्गमा डिग्री । वा सो सरह | |
| | (ङ) इरिगेशन | बी.ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा सो सरह | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | (च) हाइड्रोपावर | बी.ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा हाइड्रोपावर इञ्जिनीयरिङ्गमा डिग्री<br>वा<br>सो सरह |
| | (छ) हाइड्रोलजी | बी.ई. (सिभिल इञ्जिनीयरिङ्ग) वा हाइड्रोलजीमा स्नातकोत्तर डिप्लोमा<br>वा<br>सो सरह |
| २. | इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग | बी. ई. (इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग)<br>वा<br>सो सरह |
| ३. | इलेक्ट्रोनिक तथा टेलिकम्यूनिकेशन इञ्जिनीयरिङ्ग | बी. ई. (इलेक्ट्रिकल इञ्जिनीयरिङ्ग) वा रेडियो इञ्जिनीयरिङ्ग वा रेडियो ब्रोडकाष्टिङ्ग वा एभि-एशन वा टेलिकम्यूनिकेशन वा इलेक्ट्रोनिक इञ्जि-नीयरिङ्गमा डिग्री<br>वा<br>विज्ञानमा स्नातक भै आई. सी. ए. ओ. स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्स तालीम प्राप्त<br>वा<br>एम. टेक. (फिजिक्स)<br>वा<br>सो सरह |
| ४. | मेकानिकल इञ्जिनीयरिङ्ग | बी. ई. (मेकानिकल इञ्जिनीयरिङ्ग)<br>वा<br>सो सरह |
| ५. | एरोनटिकल इञ्जिनीयरिङ्ग | एरोनटिकल इञ्जिनीयरिङ्ग डिग्री<br>वा<br>सो सरह |
| ६. | माइनिङ्ग इञ्जिनीयरिङ्ग | बी. ई. (माइनिङ्ग)<br>वा<br>सो सरह |
| ७. | केमिकल इञ्जिनीयरिङ्ग | बी.ई. (केमिकल इञ्जिनीयरिङ्ग) वा एम. टेक. (केमिकल टेक्नोलजी)<br>वा |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | सो सरह |
| ८. | मेटालर्जिकल इञ्जिनीयरिङ्ग | बी. ई. (मेटालर्जिकल इञ्जिनीयरिङ्ग वा मेटालर्जी)<br>वा<br>सो सरह |
| ९. | मेट्रोलजी | भौतिक शास्त्र वा गणितमा स्नातकोत्तर डिग्री<br>वा<br>मेकानिकल वा इलेक्ट्रिकल इञ्जिनीयरीङ्गमा स्नातक<br>वा<br>विज्ञानमा स्नातकभै स्वीकृत संस्थाबाट मेट्रोलजीमा तालीम प्राप्त<br>वा<br>सो सरह |
| १०. | मेटेरियोलजी | मेटेरियोलजीमा बी. एस्सी. वा एम. एस्सी.<br>वा<br>गणित र भौतिक शास्त्र लिई स्नातक भई डब्लु. एम. ओ. को स्टाण्डर्ड अनुसार मेटेरियोलजीमा स्नातकोत्तरको तालीम प्राप्त<br>वा<br>सो सरह |
| ११. | जियोलजी | एम. एस्सी. (जियोलजी पियर वा एप्लाइड)<br>वा<br>एम. एस्सी. (जियोफिजिक्स, वा जियोकेमिष्ट्री)<br>वा<br>जियोलजिकल इञ्जिनीयरिङ्गमा डिग्री<br>वा<br>सो सरह |
| १२. | सिभिल एभिएशन अपरेशन | विज्ञानमा स्नातक भै एभिएशन अपरेशन तथा ग्राउण्ड सर्भिसेज वा पर्सनल लाइसनसिंग वा एयर-ट्रान्सपोर्ट वा एयरपोर्ट मेनेजमेण्टमा आई. सी. ए. ओ. बाट मान्यता प्राप्त स्तर अनुसारको तालीम प्राप्त।<br>वा |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | सो सरह |
| १३. | सर्भे | सर्भेमा स्नातक<br>वा<br>भूगोलमा स्नातकोत्तर भई नापीमा कम्तिमा १ वर्षको तालीम प्राप्त<br>वा<br>गणित लिई विज्ञानमा स्नातक भै नापीमा कम्तिमा १ वर्षको तालीम प्राप्त<br>वा<br>सो सरह |
| १४. | केमिष्ट्री | एम. एस्सी. (केमिष्ट्री)<br>वा<br>सो सरह |

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।